स्थानीय सरकार

# इनरूवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

इनरूवा, सुनसरी

## गै.स.स.हरुको सुची दर्ता गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७५।५।१४ गते)**

यस कार्यालयको आर्थिक बर्ष २०७५।०७६ मा आवश्यक पर्ने सिपमुलक, चेतनामुलक तथा अन्य कार्यक्रमहरू संचालन गर्नको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा प्रावधान बमोजिम सोही नियमावलीको नियम ७२, ८५, ९९ को प्रयोजनार्थ सूचि दर्ताको लागि उक्त कार्य गर्न इच्छुक इजाजत प्राप्त संस्थाहरूबाट रू. १० को टिकट टांसी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र यस इनरूवा नगरपालिकामा दर्ता गराउनुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू**

- गैहृ सरकारी संस्था आन्तरिक राजश्व कार्यालय, जिल्ला प्रशासन कार्यालय, समाज कल्याण परिषदमा अनिवार्य रूपमा दर्ता भई नबिकरण समेत भएको कागजात पेश गर्नुपर्नेछ ।
- गैहृ सरकारी संस्था सम्बन्धित क्षेत्रमा दर्ता भई कार्यक्रम संचालन गरेको न्यूनतम ३ (तिन) बर्ष भएको हुनुपर्नेछ ।
- विगत ३ (तिन) बर्ष भित्रमा न्यूनतम ५ लाख बराबरको कार्यक्रम संचालन गरेको प्रमाण तथा लेखा परिक्षण प्रतिवेदन तथा आ.व.२०७३।०७४ को कर चुक्ता प्रमाण पत्र पेश गर्नुपर्नेछ ।
- सिपमुलक तालिम संचालन गर्नुपर्नेको हकमा सि.टि.ई.भि.टि वा मान्यता प्राप्त संस्थाबाट मान्यता प्राप्त गरेको कागजात पेश गर्नुपर्नेछ ।

**अन्य जानकारी**

- रीत नपुगी र म्याद नाघी कार्यालयमा प्राप्त भएको दरखास्तलाई मान्यता दिईने छैन ।
- प्राप्त दरखास्त स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणा पत्र ।
- सम्पुर्ण कागजातहरू नोटरी पब्लीकबाट प्रमाणीत भएको हुनुपर्नेछ ।
- सूची दर्ता दस्तुर वापतको रकम रू. ५००।०० राजश्व शाखामा बुझाई सोको प्रमाण पेश गर्नुपर्नेछ ।
- अन्य जानकारीको लागि यस कार्यालयको सामाजिक बिकास शाखमा सम्पर्क गर्न हुन ।

**इनरूवा नगरपालिका,इनरूवा, सुनसरी**